# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
### पर्खाल लगायतका संरचना निर्माण गर्ने  बारेको
### सिलबन्दी प्रस्ताव आह्वानको सूचना
(प्रथम पटक प्रकाशित मिति : २०७२/०३/०४

यस बैंकको बालुवाटार परिसरको उत्तर तर्फको पर्खाल लगायतका संरचना निर्माण गर्ने कार्य सिलबन्दी प्रस्तावको माध्यमबाट गराउनु पर्ने भएकोले बैंकको मिति २०७२/०२/०८ को कान्तिपुर दैनिकमा प्रकाशित सूचना बमोजिम तयार गरेको संक्षिप्त सूचिमा रहेका इच्छुक फर्म/कम्पनीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| १ | प्रस्ताव फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखी ५ औं दिनको १२:०० बजेभित्र फर्म/कम्पनीको लिखित निवेदन पेश गरी यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटारबाट निःशुल्क प्राप्त गर्न सकिनेछ । |
| २ | यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखी पाचौ दिनको १:०० वजेभित्र बैंकले उपलब्ध गराएको सक्कल प्रस्ताव फारम भरी खामको वाहिरपट्टी **पर्खाल लगायतका संरचना निर्माण गर्ने बारेको सिलबन्दी प्रस्ताव** भन्ने व्यहोरा उल्लेख गरी यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटारमा पेश गर्नु पर्नेछ । |
| ३ | प्राप्त सिलबन्दी प्रस्तावहरु पांचौ दिनको ३:०० वजे बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटारमा प्रस्तावकहरुको प्रतिनिधीको रोहवरमा खोलिनेछ । प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन  । |
| ४ | प्रस्तावदाता फर्म वा कम्पनीको तर्फबाट प्रस्ताव पेश गर्दा कुनै व्यक्तिलाई अख्तियारी दिएको भए सोको पत्र (Power of Attorney Letter) प्रस्ताव साथ संलग्न गर्नु पर्नेछ । |
| ५ | खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी गरेको लिखित घोषणा पत्र समेत प्रस्ताव साथ पेश गर्नु पर्नेछ । |
| ६ | प्रस्ताव दर्ता गर्ने अन्तिम दिन र प्रस्ताव खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ । |
| ७ | म्याद नाघी वा रित नपुगी दाखिला भएका प्रस्तावहरुलाई कुनै मान्यता दिइनेछैन । |
| ८ | प्रस्ताव आह्वान सम्बन्धी फाराममा उल्लेख भएका शर्तहरु बाहेक प्रस्तावदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी प्रस्ताव पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ । |
| ९ | प्रस्ताव खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय प्रस्ताव रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । |
| १० | यस सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस विभागको आन्तरिक प्रसाशन फांटमा सम्पर्क राख्न सकिनेछ । |

**सामान्य सेवा विभाग**